annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२० पृष्ठ १० | काठमाडौं, मंगलबार १२ चैत २०८१ | चैत्र कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४५ | TUESDAY, MARCH 25, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

### विदेशी सहयोगको चरम दुरुपयोग

## सामाजिक संस्थाका नाममा आफन्त र परिवारको रजगज

सुर्खेतको वीरेन्द्रनगरमा कोपिला भ्याली सेवा समाज नामक संस्थामार्फत कोपिला भ्याली स्कुल, कोपिला भ्याली बालगृह, कालिका संरक्षण केन्द्र, महिला सशक्तीकरण केन्द्र र प्राथमिक उपचार केन्द्र सञ्चालनमा छन् । 'कर्णालीका अभिभावकविहीन तथा समस्यामा रहेका बालबालिकालाई सुरक्षित, शिक्षित बनाउनुका साथै माया गरिनेछ' भन्ने दूरदृष्टिसहित २०६४ सालमा संस्था दर्ता गरिएको थियो । तर, हाल उक्त संस्थालाई सीमित व्यक्तिका परिवारको संरक्षणको साधन बनाइएको छ । संस्थामा करिब ३० प्रतिशत कर्मचारी आफन्त नै छन् भने लाभग्राही पनि प्रायः नातागोताभित्रकै छन् ।

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

– को रिपोर्ट

समाचार पृष्ठ २

कोपिला भ्याली सेवा समाजद्वारा सञ्चालित कोपिला भ्याली स्कुल । ● बिस्नप्रसाद न्यौपाने

## सरकारले हटायो कुलमानलाई

### नयाँ कार्यकारीमा शाक्य नियुक्त



**सुनिता कार्की** | *काठमाडौं*

नेपाल सरकार मन्त्रिपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाएको छ। सोमबारको बैठकले कुलमानलाई हटाएर हितेन्द्रदेव शाक्यलाई प्राधिकरणको कार्यकारी बनाएको छ। २०७७ मा प्राधिकरणका कार्यकारी बनेका शाक्य कुलमानको तत्कालीन सरकारबाट पुनर्नियुक्तिसँगै बाहिरिएका थिए। सो सम्बन्धमा सर्वोच्चमा उनले हालेको रिटको सुनुवाइ अझै हुन सकेको छैन।

२०७८ साल साउन २५ गतेको मन्त्रिपरिषद्ले नै कुलमानलाई दोस्रो कार्यकालका लागि प्राधिकरण कार्यकारीमा नियुक्ति दिएको थियो।

कुलमानको दोस्रो कार्यकाल २०८२ साउनमा सकिँदै छ। पछिल्लो पटक कांग्रेस र एमालेको सत्तासमीकरणमा सरकार गठनपछि कुलमान र सरकारबीच तालमेल मिलेको थिएन।

» बाँकी पृष्ठ ६

## संक्रमणकालीन न्यायमा मिश्रकै सर्च कमिटीलाई पुनर्जीवन

**दिनेश गौतम** | *काठमाडौं*

सरकारले संक्रमणकालीन न्यायलाई अघि बढाउन सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगमा पदाधिकारी नियुक्तिका लागि पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित सिफारिस समिति (सर्च कमिटी) लाई नै पुनर्जीवन दिएको छ।

मन्त्रिपरिषद्का सोमबार बसेको बैठकले मिश्र संयोजकत्वको समितिलाई नै निरन्तरता दिने निर्णय गरेको हो। समितिमा पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती, पूर्वराजदूत डा. अर्जुनकुमार कार्की, अधिकारकर्मी स्टेला तामाङ छन्। गत कात्तिक २ गते पूर्वप्रधानन्यायाधीश मिश्रको अध्यक्षतामा गठित सिफारिस समिति (सर्च कमिटी) गठन गरिएको थियो। समितिले गत पुस १ गते अर्थात् दुई महिनाको कार्यावधिसम्म पनि नाम सिफारिस गर्न नसकेपछि समिति नै खारेज भएको थियो।

» बाँकी पृष्ठ ६


